साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०७६/०७७

च.नं.:

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal
मिति :२०७६/१२/३०

**सूचना । सूचना ॥ सूचना ॥।**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को कारणवाट प्रभावित क्षेत्रहरुको लागि राहत वितरण सुविधा पदान गर्नको लागि "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६" स्वीकृत गरी गाउँपालिका क्षेत्र भित्र राहत वितरणको कार्य सम्पन्न भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौको प.सं. वा.त.वि.व्य.शा. /०७६/७७ च.नं. ४४१ मिति २०७६/१२/२३ को पत्रानुसार विपन्न तथा असहाय वर्गलाई राहत वितरण गर्दा मापदण्ड बमोजिम तोकिएको वर्गको लगत/विवरण अद्यावधिक गरे पश्चात मात्र अभिलेख सहित एकद्वार प्रणाली मार्फत वितरण गर्ने भनिइ लेखिई आएको साथै साँगुरीगढी गाउँ कार्यपालिकाको मिति २०७६/१२/१९ को निर्णयानुसार समेत गाउँपालिका क्षेत्र भित्र एकद्वार प्रणाली मार्फत राहत वितरण गर्ने निर्णय भएकोमा कुनै संघ, संस्था तथा महानुभावहरुले यस गाउँपालिकाका केहि वडामा गई यस कार्यालयसँग समन्वयनै नगरी राहत वितरण गरेको भन्ने सूचना प्राप्त भएको हुँदा राहत वितरणमा सहयोग गर्न इच्छुक संघ, संस्था तथा महानुभावहरुलाई जिन्सी राहत सामाग्रीहरु यस कार्यालयमा हस्तान्तरण गरी वितरणको व्यवस्था मिलाउन सहयोग गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

(कुमारजंग याखा)
अध्यक्ष
साँगुरीगढी गाउँपालिका,
धनकुटा